

तस्बिरहरू : अन्नपूर्ण

नइ प्रकाशनका पुरस्कार संस्थापक खनूपरुदे रामबाबु प्रसाई र नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति वैरागी काइँलाले बिहीबार राजधानीमा पुरस्कार प्रदान गरेका हुन्।

## विदेशी साहित्यकार माइकललाई

# तीन लाख पुरस्कार

अन्नपूर्ण समाचारदाता

**काठमाडौं :** नेपाली भाषा, साहित्य र शिक्षालाई अन्तर्राष्ट्रिय स्तरमा फैलाएबापत बेलायती नागरिक प्रा.डा. माइकल हटलाई तीन लाख रुपैयाँसहित नइ देरूख अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गरिएको छ। नइ प्रकाशनका पुरस्कार संस्थापक खनूपरुदे रामबाबु प्रसाई र नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति वैरागी काइँलाले बिहीबार राजधानीमा पुरस्कार प्रदान गरेका हुन्।

यसैगरी, रुस निवासी काठमाडौंका साहित्यकार कृष्णप्रकाश श्रेष्ठलाई दुई लाख रुपैयाँसहितको नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गरियो। नेपाली वाङ्मयको श्रीवृद्धिका लागि निरन्तर जागरुक र समर्पित भई नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तारमा योगदान पुऱ्याएबापत यो पुरस्कार प्रदान गरिएको हो। चित्रकार प्राज्ञ शशी शाहलाई एक लाख रुपैयाँसहितको नइ खरा सुकीर्ति पुरस्कार प्रदान गरिएको छ। चित्रकलाका क्षेत्रमा समर्पित हुँदै अन्तर्राष्ट्रियस्तरको चित्रकला सिर्जना गरी चित्रकलाका क्षेत्रमा नेपालको गौरव बढाएबापत उनलाई पुरस्कार प्रदान गरिएको हो।

नेपाली संस्कृतिलाई भेषभूषा तथा अभिनयका माध्यमबाट जीवन्त राख्न विशिष्ट योगदानका निम्ति चरित्र अभिनेत्री वसुन्धरा भुसाललाई ५० हजार रुपैयाँसहितको नइ खरा प्रदीप्ति पुरस्कार प्रदान गरियो। नेत्रहीन भएर पनि नेपालको सामाजिक जागरणमा समर्पित हुँदै अपांगहरूको हित, मर्यादा र अधिकारका लागि समर्पित भएबापत वीरेन्द्रराज पोखरेल र नरबहादुर लिम्बूलाई संयुक्तरूपमा ५० हजार रुपैयाँसहित नइ खरा सुरभी पुरस्कार प्रदान गरियो। यसैगरी, शिक्षा सेवामा मन, वचन र कर्मले समर्पित हुँदै जनस्तरमा शिक्षाको जागरण ल्याउन साथै निम्न आर्थिक स्रोत भएका समुदायलाई गुणस्तरीय शिक्षाको ज्योति प्रदान गर्न जागरुक भएबापत काठमाडौं जोरपाटीका उत्तम सञ्जेललाई २५ हजार रुपैयाँसहितको नइ खरा गौरव पुरस्कार प्रदान गरिएको छ। संस्कृतिमा आधारित नृत्यमा पकड जमाएकी झापाकी अनुजा अग्रवाललाई नइ खरा पौरख पुरस्कार प्रदान गरियो। पुरस्कारको राशि नगद १५ हजार रुपैयाँ छ।

कार्यक्रममा कुलपति काइँलाले ल्युदमिला अलेक्सान्द्रोभ्ना आगानिनाद्वारा लिखित 'नेपाली महाकविको कथा' नामक पुस्तक पनि विमोचन गरिएको थियो।

